# नेपाल कम्युनिष्ट पार्टी (एमाले)

## प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र न. ४, कैलाली

**सूर्य चिन्हमा मतदान**

प्रतिनिधि सभा सदस्यका उम्मेदवारको



**प्रतिवद्धता पत्र**

**पृष्टभूमि**

सुदूरपश्चिम प्रदेश, डोटी जिल्लाको साविक गडसेरा गा.वि.स. हाल जोरायल गाउँपालिका वडा न. ५ गडसेरामा मध्यम वर्गिय परिवारमा जन्म भई विगत लामो समय देखि कैलाली जिल्ला गोदावरी नगरपालिकाको अत्तरियामा स्थायी रुपमा बसोवास गरिरहेको छु।

म गोदावरी नगरपालिका वडा न. १ बाट समाजसेवा तथा राजनीतीमा संलग्न भई सिङ्गो सुदूरपश्चिम र राष्ट्रका लागि आफ्नो सम्पूर्ण जीवन समर्पित गरेको कुरा यहाँहरुमा सर्व विदितै छ। विद्यार्थी जीवन बाट नै राजनीति शुरु गरि लामो समय सम्म कम्युनिष्ट आन्दोलनमा बलीदानी र संघर्ष गरि हाल ने.क.पा. (एमाले) को केन्द्रीय कमिटीको उपमहासचिव पदको जिम्मेवारी सम्हाल्दै गर्दा आसन्न फागुन २१ गते हुन गईरहेको प्रतिनिधी सभाको निर्वाचनमा सूर्य ध्वजा बाहक उम्मेदवारको रुपमा हजुरहरु माँझ खडा भएको छु।

लोकतन्त्रको मूलशक्ती तपाईहरु आम जनसमुदायको मत हो। यसलाई पूर्णरुपमा सम्मान गर्ने प्रतिवद्धताका साथ तपाईहरु सामु फेरी पनि प्रतिनिधि सभा सदस्यका लागि मलाई यहाँहरुको साथ, समर्थन र सहयोग सहित अमूल्य मत दिई अत्यधिक मत द्धारा निर्वाचित गराई दिनहुन हार्दिक अनुरोध गर्दछु।

विगतमा म यस क्षेत्रबाट यहाँहरुको अमूल्य मतद्धारा निर्वाचित भई नेपाल सरकारको मन्त्रीको जिम्मेवारीमा रहदा यस क्षेत्रका विकासका लागि मैले गरेका प्रयासहरु यहाँहरु माँझ सर्व विदितै छ र स्थिर सरकार नहुँदा थुपै महत्वपूर्ण कामहरु बाँकी रहेका छन, ती बाँकी रहेका कामहरु पुरा गर्न र यस क्षेत्रका नयाँ विकास तथा रोजगारका कामहरुलाई थालनी गर्न फेरी पनि यहाँहरुको अमूल्य मतका लागि हार्दिक अनुरोध गर्दछु।

मुलुक संक्रमणकालमा छ, मुलुकमा जबरजस्त रुपमा परिवर्तनका नाममा युवाहरुको अभिमतलाई प्रभावित पार्ने कोशिस गरिदैछ। विगतमा ने.क.पा. (एमाले) सरकारमा रहदा भए/गरेका सकारात्मक कामहरु मेटाउने कोशिश गरिदैछ। Gen-Z पुस्ताले उठान गरेका महत्वपूर्ण माग तथा मुद्दा हरुलाई सम्बोधन गर्दै नवयुवाहरुको बलिदान, त्याग र सपनालाई साकार पार्न सूर्य ध्वजा बाहक प्रतिनिधि सभा सदस्यहरुको बहुमतले मात्र पुरा गर्ने हुनाले तपाईहरुको अमूल्य मतको अपेक्षा गर्दछु।

साथै, राष्ट्रिय राजनीतिमा सुदूरपश्चिम प्रदेशको बलियो प्रतिनिधिको रुपमा मेरो अहम् भूमिका रहदै आएको र रहने भएकोले पनि कैलाली जिल्ला निर्वाचन क्षेत्र न. ४ का सम्पूर्ण आमा-बुवा, दाजु-भाइ, दिदी-बहिनी, युवा, नागरिक समाज तथा आम मतदातहरुमा आफ्नो अमूल्य मत दिई सहयोग गरिदिनहुन हार्दिक अनुरोध गर्दछु।

**मेरा प्रतिवद्धताहरु:**

❖ **शिक्षा, स्वास्थ्य तथा खेलकूद:**

- सुदूरपश्चिम प्रदेशमा रहेको शहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्व विद्यालयलाई ६०० शैय्याको अस्पतालमा विकास गरि MBBS पठनपाठन तथा छिटो छरितो र प्रभावकारी स्वास्थ्य सेवाको यथाशिघ्र कार्यान्वयनका लागि पहल गर्ने।

- यस क्षेत्रमा रहेका सामुदायिक क्याम्पसहरुको भौतिक पूर्वाधारको विकासका साथै संकाय तथा विषय विस्तारका लागि पहल गर्ने ।
- सामुदायिक विद्यालयहरुमा गुणस्तरीय शिक्षा प्रदान गर्न, शिक्षालाई सर्व सुलभ गर्न आवश्यक भौतिक पूर्वाधार निर्माण गर्न पहल गर्ने ।
- शिक्षण पेशालाई मर्यादित बनाउन शिक्षक कर्मचारीहरुका सेवा सुविधाका लागि आवश्यक पहल गर्ने ।
- अस्थायी प्रकृतिका शिक्षक तथा कर्मचारीहरुलाई पेशागत निरन्तरता तथा सामाजिक सुरक्षा कोषमा आवद्धताका लागि आवश्यक पहल गर्ने ।
- सामुदायिक विद्यालयहरुमा समय सापेक्ष तथा प्रविधि मैत्री शिक्षा प्रदान गर्न ICT को माध्यमबाट शिक्षण सिकाइलाई प्रभावकारी कार्यान्वयन गर्ने तथा प्राविधिक शिक्षालाई व्यवस्थित बनाउन पहल गर्ने ।
- आधारभूत स्वास्थ्य केन्द्र तथा शहरी स्वास्थ्य क्लिनिकहरुमा विशेषज्ञ सेवाका लागि आवश्यक जनशक्ती तथा भौतिक पूर्वाधारको विकासमा जोड दिने ।
- महिला, बालवालिका तथा ज्येष्ठ नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदानका लागि आवश्यक पहल गर्ने ।
- नेपाल सरकारले लागु गरेको स्वास्थ्य बिमा कार्यक्रमलाई सर्व सुलभ र प्रभावकारी बनाउन पहल गर्ने ।
- प्रदेश स्तरीय रंगशाला तथा एक (१) पालिका एक (१) खेल मैदान निर्माणका लागि DPR सहित आवश्यक पहल गर्ने ।
- ग्रामीण क्षेत्रमा महिलाको स्वास्थ्यमा देखिएको समस्यालाई दीर्घकालिन समाधानका लागि विशेषज्ञ सेवा सहितको स्वास्थ्य सेवा कार्यक्रमका लागि पहल गर्ने ।
- थारु समुदायमा देखापरिरहने सिकलसेल एनिमिया स्वास्थ्य समस्याको दीर्घकालिन समाधानका लागि दशरथ चन्द स्वास्थ्य विज्ञान विश्व विद्यालयमा एक छुट्टै अनुसन्धान विभागको नै स्थापना गरि सो समस्या निराकरणका लागि पहल गर्ने ।
- सामुदायिक विद्यालयमा एक (१) विद्यालय एक (१) खेल प्रशिक्षकको व्यवस्थापन गर्न पहल गर्ने ।

❖ **भौतिक पूर्वाधार:**

- सडक विस्तार तथा स्तरोन्नती: धनगढी-दिपायल, उरयी नाका(ताक्लाकोट) फास्ट ट्र्याक लगायत यस निर्वाचन क्षेत्र भित्र आवश्यक सडक निर्माण, स्तरोन्नती तथा विस्तार र सडक सञ्जालका लागि पहल गर्ने । साथै दुरी कम गर्न यो सडकको ३ ठाँउमा सुरुङमार्ग अध्ययन गरि सुरुङमार्ग निर्माण गर्न पहल गर्ने ।
- बाढी, पहिरो र नदी जन्य कटान क्षेत्रलाई संरक्षण गर्न आवश्यक स्थानमा तटबन्धन निर्माणका लागि आवश्यक पहल गर्ने ।
- यस निर्वाचन क्षेत्र भित्र पर्ने विभिन्न स्थानमा आवश्यक मोटरेवल पुल तथा झोलुङ्गे पुल निर्माणका लागि पहल गर्ने ।

❖ **कृषि, सिँचाई, खानेपानी, जलस्रोत तथा उर्जा**:

●भूमिहिन, सुकुम्वासी, तथा अव्यवस्थित बसोवासीहरुको लामो समय देखि रहेको दीर्घकालिन समस्यालाई समाधान गर्न लालपूर्जा वितरणको कार्यलाई शिघ्राति शिघ्र पहल गर्ने ।

●छाडा चौपाया व्यवस्थापनका लागि यस निर्वाचन क्षेत्र भित्र आवश्यक गौशालाको निर्माण गरि पशुचौपाया संरक्षण गर्न आवश्यक पहल गर्ने ।

●कृषिमा प्राङ्गारिक मलको प्रयोगमा जोड दिन यस क्षेत्रको विभिन्न स्थानमा प्राङ्गारिक मल उत्पादन केन्द्रको स्थापनाका लागि पहल गर्ने ।

- कृषिमा आधुनिकरणका लागि यस क्षेत्रका कृषकहरुका लागि कृषि तालिम, उन्नत विँउ,  तथा यान्त्रीकरणमा जोड दिने ।
- यस क्षेत्रका किसानहरुका लागि खेती योग्य जमिनमा सिँचाई सुविधा विस्तार , समयमा नै कृषि उपजको मूल्य निर्धारण, कृषिमा लगानी वृद्धि, कृषि बिमा तथा कृषिमा आधारित उद्योग स्थापना गर्न पहल गर्ने ।
- किसानहरुलाई आवश्यक पर्ने रासायनिक मलको उपलब्धताका लागि यस निर्वाचन क्षेत्रमा रासायनिक मलको उत्पादन केन्द्र स्थापना गर्न पहल गर्ने ।
- चुरे गा.पा. लाई कफि, सुन्तला प्रजाती र अन्य नगदेबालीको पकेट क्षेत्रको रुपमा स्थापित गर्ने ।
- तरकारी उत्पादनका लागि उपयुक्त स्थानमा तरकारी पकेट क्षेत्र बनाउन पहल गर्ने ।
- शुद्ध खानेपानीलाई सर्व सुलभ बनाउन १ घर १ धाराको अभियान सञ्चालन गरि निर्माणको पहल गर्ने ।
- सिँचाइ सुविधा नपुगेका खेतियोग्य जमिनहरुमा सिँचाइका लागि आवश्यक पहल गर्ने ।
- विद्युतिकरण नभएका वस्तीहरुमा यथाशिघ्र विद्युतिकरणका लागि आवश्यक पहल गर्ने ।
- स्थानीय रैथाने बाली संरक्षण गर्ने र कृषकहरुलाई सो कार्यका लागि बिउ, बिउजन, मलखाद आदिको सहज उपलब्धताका लागि पहल गर्ने ।

❖ **औद्योगिकरण तथा रोजगार:**

- कृषिमा आधारित अनिवार्य उद्योग र उद्योगमा आधारित अनिवार्य कृषिका लागि आवश्यक पहल गर्ने ।
- म प्रतिनिधि सभा सदस्य वा मन्त्री रहदा दीर्घकालिन वा अल्पकालीन योजनाको रुपमा प्रारम्भ गरेका योजनालाई पूर्णता दिई थप विस्तार स्तरोन्नती मैरै पहलमा भएको गोदावरी नगरपालिका अन्तरगत रहेको हरैया औद्योगिक करिडोर, आयल निगम भण्डारण केन्द्र स्थापना तथा कृषि ज्ञान केन्द्र निर्माणको घोषणालाई कार्यान्वयन गरि अधिकतम रोजगारीका अवसरहरुको सिर्जना गर्न उक्त कार्यलाई अविलम्ब शुरु गर्न पहल गर्ने ।
- आर्थिक समुन्नतीका लागि कृषिमा आधारित बजार व्यवस्थापन र कृषि उपज भण्डारणका लागि शित भण्डारण निर्माण गर्ने ।
- गरिबीको रेखामुनि रहेका, दलित, पिछडिएका समुदायको आर्थिक समुन्नती र रोजगारीका लागि आवश्यक सीप मूलक तालिमहरुको सञ्चालन गर्न पहल गर्ने ।

❖ **धर्म, कला, संस्कृति तथा पर्यटनः**

- गोदावरी धाम, चुरे ग्वासी समैजी धाम, मोहन्याल मन्दिर, मष्टा धाम, ग्वालादेउ धाम लगायत यस क्षेत्र भित्र पर्ने अन्य धार्मिक स्थलहरुलाई धार्मिक पर्यटकिय सर्किटको रुपमा विकास गर्ने ।
- यस क्षेत्र भित्र रहेका थारु, मगर, र अन्य समुदायका साँस्कृतिक सम्पदाहरुको संरक्षण र साँस्कृतिक विविधतामा एकता झल्काउने साँस्कृतिक संग्राहलयको स्थापना गर्ने ।
- विभिन्न स्थानमा रहेका Home Stay हरुलाई सम्वर्द्धन गर्न पहल गर्ने ।
- महिला सशक्तीकरणका कार्यक्रमहरुमा विशेष जोड दिने ।
- स्थानीय स्तरमा रोजगारीका कार्यक्रमलाई विशेष जोड दिने ।
- नायल ताल लगायत यस क्षेत्रमा रहेका ताल तलैयाहरुको संरक्षण तथा सम्वर्द्धन गर्न जोड दिने तथा ती स्थानहरुमा आन्तरिक तथा बाह्य पर्यटकहरुको आकर्षणको केन्द्र बनाउन स्तरोन्नती गरि पर्यटक पर्यटनमा जोड दिने ।
- गोदावरी-बुढीतोला केवलकार निर्माणका लागि आवश्यक पहल गर्ने ।

- चुरेमा रहेको गर्भा दरवारको पुनःनिर्माण गरि पर्यटन क्षेत्रकोरुपमा विकास गर्न पहल गर्ने ।

❖ **सुशासन र पारदर्शिताः**

- भ्रष्टाचार विरुद्ध शून्य सहनसिलता अपनाउने ।
- सेवा प्रवाहलाई छिटो छरितो तथा प्रभावकारी रुपमा कार्यान्वयनमा जोड दिने ।
- जनप्रतिनिधि र जनता बीच नियमित संवाद तथा सार्वजनिक सुनुवाई गर्ने ।
- समावेशी नीतिलाई कार्यान्वयनमा जोड दिने ।

❖ **राष्ट्रिय गौरवका योजनाहरुः**

- पश्चिम सेती जल विद्युत आयोजना निर्माणका लागि आवश्यक पहल गर्ने ।
- दोधारा-चाँदनी Dry-Port को विकासका लागि आवश्यक पहल गर्ने ।
- औद्योगिक क्षेत्र हरैयालाई विशेष व्यापार क्षेत्रको रुपमा विकास गर्ने ।
- गेटा विमान स्थललाई क्षेत्रीय तथा अन्तरराष्ट्रिय स्तरको विमान स्थलका रुपमा विकास गर्ने ।
- सेती लोक मार्गको स्तरोन्नती तथा विस्तारका लागि आवश्यक पहल गर्ने ।

**हाम्रो संकल्पः**

- **"काम गर्छौ, काम देखाउँछौ ।"**
- **"विकासमा निरन्तरता, जनताको हितमा राजनीति ।"**
- **"कैलाली निर्वाचन क्षेत्र -४ लाई अवसर, सम्मान र समृद्धिको केन्द्र बनाउने ।"**
- **"स्पष्ट दृष्टिकोण, दूरदर्शी नेतृत्व ।"**
- **"राष्ट्र, राष्ट्रियता र राजनितिक स्थायीत्वका लागि दृढसंकल्प ।"**

**आव्हानः**

- **परिवर्तन र स्थिरताका लागि ने.क.पा. (एमाले) लाई आफ्नो अमूल्य मतदान गर्नुहोस् ।**
- **जनताको भरोसामा आधारित सक्षम नेतृत्वलाई अत्यधिक मत द्धारा जिताउनुहोस् ।**
- **बाह्य शक्तिको घुस पैठबाट सजग रहदै राष्ट्र बनाउने अभियानमा सबै एक जुट होऔं ।**

**सूर्य चिन्हमा मतदान गरौं ।**

**नेकपा (एमाले) का उम्मेदवार लाई**
**अत्यधिक मतले विजय गराऔं ।**

**लेखराज भट्ट**

**प्रतिनिधि सभा सदस्यको नेकपा (एमाले)**
**बाट सूर्य ध्वजा बाहक उम्मेदवार**
**प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र न. ४, कैलाली**
**सम्पर्क न. 9841180702**